नगर कार्यपालिकाको
बैठक संख्या: ६६, २०७९-२०८४
मिति २०८२/०८/२१ को
निर्णय प्रमाणित ..........

<u>कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ६६, २०७९-२०८४)</u>

**मिति : २०८२ मंसिर २१ गते**

<u>निर्णयहरु:</u>

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समीक्षा गरियो । कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

२. यस नगरपालिकाको कानूनी सल्लाह एवं परामर्शको लागी कोहलपुर नगरपालिका वडा नं. १० स्थित नेशनल ल फार्म एण्ड इन्भेष्टिगेसन सेन्टरका प्रोपराइटर श्री कर्ण बहादुर के.सी. सँग विगतका आ.ब. हरु देखि सम्झौता भई कार्य सम्पादन भईरहेकोमा चालु आ.ब. को २०८२/०४/०१ गतेदेखि २०८३ असार मसान्त सम्मका लागी गत आ.ब. २०८१/०८२ बमोजिम सेवा सुविधामा निरन्तरता हुने गरी करार सम्झौता गरी सेवा परामर्श खर्च शीर्षकबाट भुक्तानी दिने ।

३. ठुला विद्यालय पूर्वाधार विकास कार्यक्रम अन्तर्गत स्थानीय तहसँगको साझेदारीमा प्रदेशबाट श्री लक्ष्मी मा.बि. कोहलपुर २ का लागि चालु आ.ब. २०८२/०८३ मा रु.१(एक) करोड बजेट विनियोजन भएकाले यस नगरपालिकाबाट २०% ले हुन आउने रकम रु. २५(पच्चिस) लाख समपुरक कोषबाट व्यहोर्ने र सो को सुनिश्चितता पत्र सम्बन्धित निकायलाई उपलब्ध गराउने ।

४. यस नगरपालिका अन्तर्गत कार्यरत महिला स्वयंसेविकाहरुको बिदाई हुँदा प्रोत्साहन रकम उपलब्ध गराउनका लागि कार्यबिधीमा समेत व्यवस्था भएको तर भुक्तानीका लागि शीर्षक एकिन नभएकाले भुक्तानीमा समस्या भएकाले उक्त प्रोत्साहन वापतको रकम भैपरी आउने चालु शीर्षकबाट उपलब्ध गराउने ।

५. नेपाल नगरपालिका संघले सदस्यता शुल्क वापतको आ.ब. २०७९/०८० देखि आ.ब. २०८१/०८२ सम्म ३ आर्थिक वर्षको सदस्यता शुल्क वापत रु.१,५०,०००।- (एक लाख पचास हजार) अन्य सामाजिक सहायता शीर्षकबाट उपलब्ध गराउने ।

६. यस नगरपालिका क्षेत्रभित्र घुम्ति पेशा व्यवसाय व्यवस्थापनका लागि सरोकारवाला पक्षहरुसँग छलफल गरी सूझाव संकलन गरेर कार्यबिधि तर्जुमाको लागि विधायन समितिलाई निर्देशन दिने ।

७. कोहलपुर नगरपालिकामा नवनिर्मित शवदाहगृह नगरपालिकाको स्वमीत्वमा आएको र सञ्चालनमा रहेको उक्त शवदाहगृह सञ्चालन एवं व्यवस्थापनका लागी आवश्यक २ जना सहयोगी कर्मचारीका रुपमा कोहलपुर ११ निवासी श्री बैतालु थारु र कोहलपुर ११ निवासी रमेश बहादुर थापा सँग दैनिक ज्यालादारीमा सम्झौता गरी कामकाजमा लगाउने र सो को रेखदेख, अनुगमन एवं समन्वय नगर प्रहरी शाखा मार्फत हुने ।

नगर कार्यपालिकाको
बैठक संख्या: ६६, २०७९-२०८४
मिति २०८२/०८/२१ को
निर्णय प्रमाणित ..........

८. कोहलपुर नगरपालिकाको नगरसभाको १९ औं अधिवेशन २०८२ साल पौष २५ गते शुक्रबार दिनको १:०० बजेदेखि सञ्चालन गर्ने एवं नगरसभाका लागि सबै शाखा/उपशाखा/वडा कार्यालयहरुले आवश्यक तयारी गर्ने ।

९. यस नगरपालिकाको स्वीकृत अस्थायी दरबन्दीमा कार्यरत केही नगर प्रहरी कर्मचारीहरुले व्यक्तिगत कारण देखाई पेश गरेको राजिनामा स्वीकृत भईसकेको र नगर प्रहरीको कार्यचापका आधारमा रिक्त नगर प्रहरी जवान ४ र नगर प्रहरी परिचर १ को करारमा पदपूर्तीका लागि भर्ना छनौट प्रक्रियामा आवश्यक सहयोगका लागि कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र, सुर्खेत हाल नेपालगञ्ज बाँकेलाई अनुरोध गर्ने ।

१०. समस्त पितृगणको मोक्षार्थ आयोजित श्रीमत्तारतम सागर एवं श्रीमद्भागवत महापुराण ज्ञानयज्ञ २०८२ को लागि आर्थिक सहयोग माग भई आएकोमा आ.ब. २०८२/०८३ को वार्षिक नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको पेज नं. १४० सि.नं. ४२ धर्म, कला संस्कृति संरक्षण तथा प्रर्बद्धन कार्यक्रम शीर्षकबाट रु.६५,०००।- उपलब्ध गराउने ।

११. कोहलपुर बरघर नगर समिति, कोहलपुर बाँकेले बड्की जब्दी भवानी मन्दिरमा २०८२ मंसिर २५ र २६ गते थारु समुदायको चलन अनुसार सञ्चालन गरिने पुजापाठ कार्यको आवश्यक व्यवस्थापनका लागि आर्थि सहयोग माग गरेकोमा आ.ब. २०८२/०८३ को वार्षिक नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको पेज नं. १४० सि.नं. ४२ धर्म, कला संस्कृति संरक्षण तथा प्रर्बद्धन कार्यक्रम शीर्षकबाट रु.९९,०००।- उपलब्ध गराउने ।

१२. श्री रामजानकी मन्दिर, कोहलपुर १२, बाँकेले मिति २०८२/०८/०८ गतेदेखि ऐ. १० गतेसम्म संचालन भएको विवाह पञ्चमी कार्यक्रमका लागि आर्थिक सहायता माग गरेकोमा आ.ब. २०८२/०८३ को वार्षिक नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको पेज नं. १८७ सि.नं. ५१३ रामजानकी विवाह पञ्चमी शीर्षकबाट रु.२,००,०००।– (दुई लाख) उपलब्ध गराउने ।

१३. ज्ञानज्योति मा.बि. कोहलपुर १२ चप्परगौडीले विद्यालय व्यवस्थापन समितिको निर्णय सहित पुरानो जिर्ण भवन भत्काई उक्त स्थानमा नयाँ भवन निर्माण गर्नका लागि पुरानो भत्काउन अनुमतीका साथै लागत स्टिमेट सहित बजेट व्यवस्थापनका लागि अनुरोध गरेकोमा उक्त जिर्ण भवन भत्काउन अनुमती प्रदान गर्ने साथै भवन भत्काउनका लागि भैपरी आउने पूँजीगत शीर्षकबाट रु.१,००,०००।– (एक लाख) उपलब्ध गराउने

१४. आ व २०८१/०८२ को उप प्रमुख संग बादी गन्दर्भ अल्पसंङ्ख्यक तथा असहाय विद्यार्थीलाई पोषाक तथा शैक्षिक सामग्री वितरण कार्यक्रमको लागि रु.२,००,०००।-(अक्षेरुपी दुई लाख मात्र) विनियोजन गरिएकोमा ७० जना विद्यार्थीहरुलाई सामग्री वितरण गर्दा रु.१७,११६। (अक्षेरुपी सत्र हजार एक सय सोह्र रुपैया) बढी रकम खर्च भएको हुँदा सो रकम थप गरी भुक्तानी दिने ।



[stamp: ... बहादुर गिरी, प्रमुख प्रशासकीय अधिकृत]

नगर कार्यपालिकाको
बैठक संख्या: ६६, २०७९-२०८४
मिति २०८२/०८/२१ को
निर्णय प्रमाणित ..........

१५. आ.व. २०८२/०८३ को निशर्त तर्फको स्वीकृत कार्यक्रम तथा बजेटमा सि. नं. ४२१ मा रहेको "शैक्षिक क्यालेण्डर तथा डायरी ब्रोसर तथा विविध छपाइ" शीर्षकबाट व्ययभार हुने गरी कोहलपुर नगरपालिका अन्तरगतका सबै सामुदायिक (धार्मिक समेत) विद्यालयमा गोरखापत्र संस्थानबाट प्रकाशन हुने मासिक बाल पत्रिका "मुना" खरिद गरी प्रति विद्यालय २० थानका दरले वितरण गर्न जम्मा रु. ६२,०००।- (प्रति विद्यालय वार्षिक रु. २,०००।- का दरले) रकम बराबर गोरखापत्र संस्थान कोहलपुर शाखा सँग सम्झौता गर्ने ।

१६. जेन जि समुहको मिति २०८२/०५/२३ र २४ गतेको आन्दोलनमा यस नगर कार्यपालिकाको कार्यालयमा कार्यरत केही कर्मचारीहरुको निजी सवारी साधनमा तोडफोड आगजनी भई पूर्णरुपले क्षति भएकाले निजहरुको सवारी साधनको खरिद मूल्यलाई आधार मानी सो को ५०% वा रु. १(एक) लाखमा नबढने गरी जुन कम हुन्छ सोही बमोजिम राहत रकम विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

- श्री बीर बहादुर थापा, भे. ११ प २२०७ स्कुटर रु.१,००,०००।-
- श्री सन्तोष चौधरी, भे.१३ प १३०० मोटरसाईकल रु.१,००,०००।-
- श्री पदम बहादुर थारु भे.१०प. ५७९५ मोटरसाईकल रु.९७,०००।-
- श्री यज्ञ बहादुर तिमिल्सेना भे.१०प. ६६६६ मोटरुसाईकल रु.१,००,०००।-

१७. यस नगरपालिका अन्तर्गत सञ्चालन हुने योजनाहरुको गुणस्तरियता मापनका लागि आवश्यक कंक्रिट टेस्ट ह्याम्मर भैपरी आउने पूँजिगत शिर्षकबाट रु.३,५०,०००।(अक्षेरुपी तीन लाख पचास हजार) विनियोजन गरी खरिद कार्य गर्ने ।

१८. जिल्ला सुर्खेत गुर्भाकोट नगरपालिका वडा नं. ०२ निवासि रेखा कुमारी यरी (डाँगी) (ना.प्र.नं.६४-०१-७८-०९६५७) को नाममा रहेको नगरपालिका परिसर भित्रको चमेना गृह जेन्जी आन्दोलनका क्रममा तोडफोड गरी क्षति पुर्याएकाले नगर कार्यपालिकाको प्रशासनिक भवन मर्मत/पुर्ननिर्माण अर्न्तगतका योजना/ कार्यक्रम भित्र समेटी पुर्ननिर्माण तथा मर्मत गरिदिने ।

१९. सशस्त्र प्रहरी बल नेपाल नं. ३० गण हे.क्वा., बागेश्वरी बाँकेको परिसर भित्र पेरिमिटर पोष्टहरु तथा भवनहरु मर्मत तथा प्लाष्टर कार्य गर्न निर्माण सामाग्री खरिदका लागी भैपरी आउने पुँजिगत शीर्षकबाट रु.९७,०००।- उपलब्ध गराउने ।

२०. महिला बालबालिका तथा समावेशीकरण उप शाखा अन्तर्गत रहेको स्थानिय अपाङ्गता समन्वय समितिको मिति २०८२/०८/१४ गतेको निर्णय अनुमोदन गरी कार्यान्वयन गर्ने ।

२१. कोहलपुर नगर इसाई समाजको पत्र अनुसार इसाई सम्प्रदायको महान चार्ड ख्रिष्टमस डेको शुभकामना आदान प्रदान कार्यक्रमका लागी आ.व. २०८२/०८३ को निति, कार्यक्रम तथा बजेटको पेज नं. १८६ को सि.नं. ५०६ बाट हुने गरी व्यवस्था गर्ने ।

भाव बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या: ६६, २०७९-२०८४
मिति २०८२/०८/२१ को
निर्णय प्रमाणित ..........

२२. नहरटोल बाटोमा ह्युमपाइप कल्भर्ट निर्माण, कोहलपुर ८ का लागि भैपरी आउने पूँजिगत शीर्षकबाट रु.६,५०,०००।– उपलब्ध गराउने ।

२३. कोहलपुर नगरपालिका ९ नं. वडा कार्यालयमा जेन्जी आन्दोलनका क्रममा कार्यालय तोडफोड भई क्षेती भएको कार्यालय मर्मत सम्भार तथा व्यवस्थापनका लागि भैपरी आउने पूँजिगत शीर्षकबाट रु.४,७५,०००।– उपलब्ध गराउने ।

२४. बालशिक्षा माध्यमिक विद्यालय कोहलपुर १३ भरैया बाँकेको पत्र अनुसार अधुरो चमेना गृह निर्माणको लागी विद्यालय पूर्वाधार निर्माण तथा गुणस्तर अभिवृद्धि कार्यक्रम शीर्षकबाट रु.३,००,०००।– (तीन लाख) उपलब्ध गराउने ।

२५. कोहलपुर नगरपालिका अन्तर्गत वडा सिलिङ्मा विनियोजन भई सञ्चालित ५(पाँच) लाख सम्मका योजना तथा कार्यक्रमहरुको अनुगमन सम्बन्धित वडा स्तरीय अनुगमन समितिबाटै गर्ने ।

२६. स्थानीय पुर्वाधार सहयोग कार्यक्रम (LISP) तर्फ कार्यान्वयन गर्दा विभिन्न योजनाहरूको बोलकबोलबाट घटी रकम बचत भएकोमा निम्न योजना कार्य अगाडि बढाउने ।

तपशिल

क) यस नगरपालिको मिति २०८२।०३।०७ गतेको १७ औं नगरसभाको दोश्रो बैठकको निर्णय नं ७(स)(अ) बमोजिम "सरस्वती चोक देखी सामुदायिक बन कोहलपुर-०८ सम्म बाटो कालोपत्रे (रत्न राजमार्गबाट सरस्वती चोक जोड्ने सडक सहित), (बजेट रू. १,४२,३९,००० अक्षरेपी रू एक करोड बयालिस लाख उन्चालिस हजार मात्र ) योजना गर्ने ।

ख) साथै, थप बचत भएकोमा यस नगरपालिको मिति २०८२/०३/०७ गतेको १७ औं नगरसभाको दोश्रो बैठकको निर्णय नं ७(स)(आ) बमोजिम "दिपज्योति होस्टेल टोल सडक स्तरोन्नती, कोहलपुर-१२, बाँके" योजना अघि बढाउने ।

साथै, उक्त योजनाहरूको सम्झौताको वखत सम्झौता रकमको भुक्तानीको श्रोत स्थानीय पुर्वाधार सहयोग कार्यक्रम (LISP) तर्फबाट ८०% व्यहोर्ने तथा नगरपालिका तर्फबाट २०% सहलगानी गर्ने ।

मान बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत